# धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
धनगढी, सिरहा, प्रदेश नं. २, नेपाल
Dhangadhi, Siraha, Province No. 2, Nepal
www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238, 033-545271


मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

प.सं.(Letter No.): २०७८।०७९
च.नं.(Ref.No.): ४२६

मिति: २०७८।०६।१९

श्री वडा कार्यालयहरु (१-१४) सबै,
धनगढीमाई नगरपालिका धनगढी, सिरहा।

विषय: जानकारी गराउनु हुन।

उपरोक्त सम्बन्धमा कृषि ज्ञान केन्द्र सिरहाको प्रथम पटक प्रकाशित मिति २०७८।०६।१३ को पत्र मार्फत स्यालो टयुववेल/पम्पसेट/मोटर जस्ता साना सिचाई पूर्वाधारमा अनुदान कार्यक्रमको लागि सूचना यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ।

गोपाल प्रसाद बगाले
प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

सिरहा

Email : akcsiraha@gmail.com,
Website : www.akcsiraha.p2.gov.np

## स्यालो ट्यूववेल/पम्पसेट/मोटर जस्ता साना सिंचाई पूर्वाधारमा अनुदान कार्यक्रमको लागि सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०६/१३

यस ज्ञान केन्द्रको आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्यालो ट्यूवेल/पम्पसेट/मोटर जस्ता साना सिंचाई पूर्वाधारमा अनुदान कार्यक्रम संचालन गर्न १५ % लागत साझेदारीमा संचालन गर्न इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी संस्था/ कृषि उत्पादनमा संलग्न निजी फर्म/उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात मिति २०७८/०७/०२ गते सम्ममा यस ज्ञान केन्द्रमा कार्यालय समय भित्र तपसिल बमोजिमका कागजातहरु फाइलमा संलग्न राखि प्रस्ताव/ आवेदन दर्ता गर्नु हुन आव्हान गरिन्छ ।रित्त नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने ब्यहोरा समेत जानकारी गराईन्छ ।

<u>संलग्न गर्नु पर्ने कागजातहरुः-</u>

- रु. १०/- को टिकट सहित अनुसूची २ बमोजिमको आवेदन ।
- आवेदकको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- आवेदकको (समुह, सहकारी र फर्म /कम्पनिको हकमा) दर्ता, नविकरण भएको प्रमाणपत्र र स्थाई लेखा नम्वर लिएको प्रमाण पत्रको प्रतिलिपि ।
- सम्वन्धित स्थानीय तहको कृषि विकास शाखाको सिफारिस पत्र ।
- मांग गरेको स्यालो ट्युवेल जडान हुने जग्गाको जग्गाधनी प्रमाणपुर्जा (सो नभए भोगाधिकार प्रमाण) को प्रमाणित प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा लालपुर्जा र जग्गाधनीको सक्कल मन्जुरीनामा समेत ।
- मांग गरेको स्यालो ट्युवेल जडान हुने जग्गा नक्शाको ब्लू प्रिन्ट/कम्पुटर प्रिन्ट ।
- समुह, सहकारी संस्था र सझेदारी कम्पनीको हकमा आयोजना प्रस्ताव गर्ने सम्वन्धमा कार्यकारीणीको निर्णयको प्रतिलिपि ।
- समुह, सहकारी संस्था र फर्म कम्पनिको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अख्तियारी पत्र ।
- कृषि ज्ञान केन्द्र र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत हाल र विगत २ वर्ष भित्र जोन, ब्लक, पकेट तथा अन्य संघ संस्थावाट स्यालो ट्यूवेल जडान कार्यको लागी अनुदान पाईसकेका कृषक, कृषक समूह, कृषि सहकारी, तथा कृषि फर्महरुले स्यालो ट्यूवेलको लागी निवेदन दिन पाउने छैन ।
- आफ्नै/ संस्थाको खर्चमा स्यालो ट्यूवेल जडान गरि सकेका कृषक/ उपभोक्ताहरुले विधुतिय मोटर वा डिजल इन्जिन पम्पसेट तथा अन्य सिंचाई सामग्रीहरु माग गर्न सकिने छ ।
- गत विगत २ आ.व. भित्र ज्ञान केन्द्रबाट कुनै कार्यक्रम नपरेका (कृषक, कृषक समुह, कृषि सहकारी तथा फर्म कम्पनिहरुलाई) ग्राह्ययता दिइने छ ।
- स्यालो ट्यूवेलको लागि आवेदन अन्तिम दिन मात्र दर्ता गराउने परम्पराले गर्दा भिडभाड बढ्ने सम्भावना रहेकोले भिडभाड हुन नदिन तथा कोभिड -१९ को मापदण्डलाई समेत ध्यानमा राखी अन्तिम समय सिमा भन्दा अगाडीनै निवेदन दर्ता गराउनु पर्ने छ ।
- प्रस्ताव स्वीकृत गर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहने छ ।

<u>अनुदानका सर्तहरुः-</u>

१) स्यालो ट्यूवेलबाट सिंचाई पुर्याउने खेती योग्य जग्गाको हकमा १५० मि. अर्धव्यास भित्र कम्तिमा २ विघा, माछापालनको लागि १.५ विघा र कृषि/ कृषि वन नर्सरी/ फर्मको हकमा कम्तीमा १० कठ्ठा हुनु पर्ने ।

२) स्यालो ट्यूवेलको लागी विधुतिय मोटर/ पम्पसेट र इस्टीमेट वमोजिमको पाइप, जाली तथा अन्य ट्यूवेल सामग्रीहरुमा बढीमा ८५% अनुदानमा दिईनेछ ।

विस्तृत जानकारीको लागि सम्पर्क व्यक्तिः श्री परमानन्द चौधरी (९८०५९५१२०१ र ९८५२८८०५०१) र वेबसाइटः www.akcsiraha.p2.gov.np

किसुन देव राउत
नि. प्रमुख

प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

सिरहा

Email : akcsiraha@gmail.com
website : www.akcsiraha.p2.gov.np
सम्पर्क नं ९८५२८८०५००

पत्र संख्या : २०७८/०७९
च.नं.

## प्रस्ताव आवह्नको सूचना ।

**प्रथम पटक प्रकाशित मिति : २०७८/०६/१३**

प्रस्तुत विषयमा यस ज्ञान केन्द्रको चालु आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रस्तावनामा आधारित तपसिल बमोजिमका कार्यक्रमहरु संचलान गर्नु पर्ने भएकोले ईच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, दर्ता भएको जल उपभोक्ता समिति र कृषि फर्महरुले माग गरिएको कागजातहरु सहित प्रथम पटक प्रकाशित मितिले २१ औं दिन (२०७८/०७/०२ गते) भित्र यस ज्ञान केन्द्रमा प्रस्ताव/आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र. सं. | सूचना नं. | कार्यक्रमको नाम | अधिकतम अनुदान % | लक्षित सेवाग्राही | पेश गर्दा चाहिने कागजातहरु |
|---|---|---|---|---|---|
| १ | ४ | कृषि यन्त्र उपकरणमा अनुदान (स्वोचालित/ट्रयाक्टर एटयाचमेन्ट/बीउ प्रशोधन सहित) | ५० % | कृषक/ कृषक समूह/ कृषि सहकारी/ दर्ताभएको जल उपभोक्ता समिति/ कृषि फर्म/बीउ व्यवसायी | रु. १० को टिकट सहित आवेदन, गा.पा./न.पा.को सिफारिसपत्र, ट्रयाक्टर एट्याचमेन्टको हकमा आवेदकको नाममा रहेको ट्रयाक्टरको ब्लुबुकको प्रतिलिपी, संस्थाको हकमा निर्णयको प्रतिलिपी, पान नं., २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र, संस्थाको प्रमाणपत्र, कम्तिमा ३ विघा क्षेत्रफल भएको जग्गा लालपुर्जाको प्रतिलिपी, लिजमा लिएको जग्गाको हकमा करारनामा पत्र र नागरिक्ता आदी सम्पूर्ण कागजातहरुको प्रतिलिपी । |
| २ | ५ | महुरी उत्पादन तथा बजारीकरणमा सहयोग अनुदान | ५० % | कृषक/ कृषक समूह/ कृषि सहकारी/ दर्ताभएको जल उपभोक्ता समिति/ कृषि उद्यमी/ कृषि फर्म | रु १० को टिकट सहित आवेदन, गा.पा./न.पाको सिफारिसपत्र, संस्थाको हकमा निर्णयको प्रतिलिपी, पान नं., २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र, संस्थाको प्रमाणपत्र, कम्तिमा २० वटा मौरी घार भएको हुनु पर्ने र सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपी । |
| ३ | ६ | फलफूल तथा तरकारी (ओल, बेसार, प्याज, लसुन, सोहिजन, केरा, मेवा, अनार, अम्बा, कटहर) को व्यवसायीक/मोडेल खेतिमा अनुदान | ५० % | कृषक/ कृषक समूह/ कृषि सहकारी/ कृषि फर्म | रु १० को टिकट सहित आवेदन, गा.पा./न.पा.को सिफारिसपत्र, संस्थाको हकमा पान नं., संस्थाको हकमा २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र, संस्थाको प्रमाणपत्र, निवेदकको नाममा रहेको कम्तिमा १० कठामा खेती गरिएको धनीपुर्जाको फोटोकपी, लिजमा लिएको जग्गाको हकमा करारनामा पत्र र नागरिक्ता आदी सम्पूर्ण कागजातहरुको प्रतिलिपी । |

**नि. प्रमुख**

प्रदेश सरकार
प्रदेश २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
सिरहा

Email : akcsiraha@gmail.com
website : www.akcsiraha.p2.gov.np
सम्पर्क नं ९८५२८८०५००

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ७ | उत्पादकत्व वृद्धिका लागि नविन प्रविधि प्रदर्शन | ८५ % | बीउ व्यवसायी/ कृषक समूह/बीउ कम्पनी /कृषि सहकारी/ कृषि फर्म | रु १० को टिकट सहित आवेदन, गा.पा./न.पाको सिफारिसपत्र, संस्थाको हकमा निर्णयको प्रतिलिपी, पान नं., २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र, संस्थाको प्रमाणपत्र, कम्तीमा १ विघा जग्गामा गहुँ खेती गरेको जग्गाधनी पुर्जा, लिजमा लिएको जग्गाको हकमा करारनामा पत्र र नागरिक्ताको प्रतिलिपी, गहुँ वीउ उत्पादन प्रसोधन तथा भण्डारण सम्बन्धी तालिमको प्रमाणपत्र, व्यवसायी दर्ता प्रमाणपत्र आदी सम्पूर्ण कागजातहरुको प्रतिलिपी । |
| ५ | ८ | बगर खेतीमा सहयोग | ५० % | कृषक/ कृषक समूह/ कृषि सहकारी/ कृषि फर्म | रु. १० को टिकट सहित आवेदन, गा.पा./न.पा.को सिफारिसपत्र, संस्थाको हकमा निर्णयको प्रतिलिपी, पान नं., संस्थाको २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र, संस्थाको प्रमाणपत्र, कम्तिमा ३ विघा क्षेत्रफल भएको धनीपुर्जाको प्रतिलिपी वा लिजमा लिएको जग्गाको हकमा करारनामा पत्र र नागरिक्ताको प्रतिलिपी, कम्तीमा ३ विघामा लहरे तथा अन्य तरकारी वाली लगाएको हुनु पर्ने र सम्पूर्ण कागजातहरुको प्रतिलिपी । |
| ६ | ९ | पुष्प उत्पादन प्रविधि अबलम्बनमा सहयोग | ५० % | कृषक/ कृषक समूह/ कृषि सहकारी/ कृषि फर्म | रु १० को टिकट सहित आवेदन, गा.पा./न.पा.को सिफारिसपत्र, संस्थाको हकमा पान नं., संस्थाको २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र, संस्थाको प्रमाणपत्र, निवेदकको नाममा रहेको कम्तिमा ६ कठामा सम्बन्धित बालीको खेती गरिएको धनीपुर्जाको फोटोकपी, लिजमा लिएको जग्गाको हकमा करारनामा पत्र र नागरिक्ता आदी सम्पूर्ण कागजातहरुको प्रतिलिपी । |
| ७ | १० | च्याउ तथा च्याउ बीउ उत्पादनमा सहयोग | ७५ % | कृषक/ कृषक समूह/ कृषि सहकारी/ दर्ता भएको जल उपभोक्ता समिति/कृषि फर्म/ कृषि उद्यमी | रु १० को टिकट सहित आवेदन, नागरिक्ताको प्रमाणपत्रको प्रतिलिपी, च्याउ सम्बन्धी तालिम लिएको भए तालिम प्रमाणपत्रको प्रतिलिपी । |
| ८ | ११ | प्रांगारिक मिसन कार्यक्रम | ५० % | कृषक/ कृषक समूह/ कृषि सहकारी/ कृषि फर्म | रु. १० को टिकट सहित आवेदन, गा.पा./न.पा.को सिफारिसपत्र, संस्थाको हकमा निर्णयको प्रतिलिपी, पान नं., संस्थाको २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र, संस्थाको प्रमाणपत्र, कम्तिमा १ विघा जग्गामा तरकारी खेती गरेको वा गर्नु पर्ने, लगाएको जग्गाको धनीपुर्जाको प्रतिलिपी वा लिजमा लिएको जग्गाको हकमा करारनामा पत्र र नागरिक्ता प्रमाणपत्रको प्रतिलिपी लगायत सम्पूर्ण कागजातहरुको प्रतिलिपी । |
| ९ | १२ | सहकार्यमा कृषि यान्त्रिकरण प्रवर्द्धनका लागि Custom Hiring Center को निर्माण | ७५ % र मेशिनरी औजारमा ५० % | कृषि सहकारी/ कृषि जन्य उद्योग | ➢ रु. १० को टिकट सहित आवेदन,<br>➢ प्रस्तावित स्थलमा कस्टम हाइरिंग सेन्टर निर्माण गर्नुको आवश्यकता र औचित्य खुलेको सम्बन्धित स्थानीय तहको कृषि विकास शाखाको सिफारिसपत्र,<br>➢ निर्णयको प्रतिलिपी, पान नं., संस्थाको लेखा परीक्षण तथा २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र, |

नि. प्रमुख

प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

सिरहा

Email : akcsiraha@gmail.com
website : www.akcsiraha.p2.gov.np
सम्पर्क नं ९८५२८८०५००

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | संस्थाको प्रमाणपत्र,<br>➢ जग्गा कम्तिमा ५ कठा आफ्नै वा सो नभए १५ वर्ष भाडामा लिन सक्ने अधिकारिक भाडाका कागजातहरु, जग्गाधनीको किता नं. खुलेको विवरण र कागजात,<br>➢ चाहिने उपकरणको कृषि इन्जिनियर वा मेकानिकल इन्जिनियरबाट तयार तयार गरिएको प्राविधिक स्पेशिफिकेशन, लागत अनुमान र श्रोत खुलाउनु पर्ने,<br>➢ कस्टम हाइरिंग सेन्टरको संक्षिप्त विवरण सहित प्रस्तावित जग्गामा स्विकृति दिइएको व्यहोरा खुलेको स्थानीय तहको सिफारिस,<br>➢ पदाधिकारीहरुको नागरिक्ताको प्रतिलिपी,<br>➢ स्थलगत निरीक्षणबाट उपयुक्त ठहरिएका प्रस्तावकहरुसंग थप विवरण र कागजात माग गर्न सकिनेछ । |

नोट :

आवेदक/प्रस्तावकले पेश गरेको सम्पूर्ण कागजातहरु स्व प्रमाणित गरेको हुनु पर्नेछ । एक कृषक/संस्थाले बढीमा दुई वटा भन्दा बढी प्रस्तावनाको लागि आवेदन दिन पाउने छैन । गत आ.व.मा कुनै विषयमा अनुदान नपाएको, उन्नत प्रविधि अबलम्वन गरेको, व्यावसायिक खेती गरेको व्यक्ति/ संस्थालाई प्राथमिकता दिइनेछ । रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गराइने छैन । प्रस्ताव स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहने छ । प्रस्तावना पेश गर्दा संलग्न कागजातहरुको पञ्जिका विवरण सहित फाइलमा राखी दर्ता गराउनु हुन अनुरोध छ । विस्तृत जानकारीको लागि यस ज्ञान केन्द्रको सूचना अधिकारी श्री परमानन्द चौधरी (सम्पर्क नं. ९८०५९५१२०१/९८५२८८०५०१) संग सम्पर्क गर्न र website: www.akcsiraha.p2.gov.np बाट सूचना तथा फर्म डाउनलोड गर्न सकिनेछ ।

किसुन देव राउत
**नि. प्रमुख**